ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २६५
१३ जेठ २०८० बुधबार
28 Jun. 2023, Wednsday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# धनुषा र महोत्तरीबाट तीन दिनमा ३६६ जनाले पाए नागरिकता





**खबर दर्पण समाचारदाता**

**असार १२ गते, महोत्तरी**

धनुषा र महोत्तरीबाट तीन दिनमा ३६६ जना जन्मसिद्ध नागरिकका सन्तानले नेपाली नागरिकताको प्रमाणपत्र लिएका छन् ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट शुक्रबार, आइतबार र सोमबार गरी २५३ र जिल्ला प्रशासन कार्यालय धनुषाबाट आइतबार र सोमबार गरी ११३ जनाले नागरिकता लिएका हुन् ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले जारी गरेको नागरिकताको विवरण अनुसार जिल्ला प्रशासन महोत्तरीबाट शुक्रबार ८, इलाका प्रशासन कार्यालय बर्दिवासबाट ४ र इलाका प्रशासन कार्यालय गौशालाबाट ६ जनाले नागरिकताको प्रमाणपत्र लिएका थिए ।

त्यस्तै, दोस्रो दिन आइतबार जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट २७, इलाका प्रशासन कार्यालय बर्दिबासबाट २६ र इलाका प्रशासन कार्यालय गौशालाबाट ४२ जनाले नागरिकताको प्रमाणपत्र लिएका थिए ।

सोमबार भने जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट ४७, इलाका प्रशासन कार्यालय बर्दिबासबाट ३६, इलाका प्रशासन कार्यालय गौशालाबाट ५६ र इलाका प्रशासन कार्यालय रामगोपालपुरबाट २ जनाले नेपाली नागरिकताको प्रमाणपत्र लिएका छन् ।

यता, धनुषामा भने आइतबार ४२ र सोमबार ७१ जनाले नागरिकताको प्रमाणपत्र लिएको धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले बताए ।

उनले जन्मसिद्ध नागरिकताका लागि २ हजार ८५८ जनाले टोक्न लिइसकेका छन् । जिल्ला प्रशासन कार्यालय धनुषाले एक दिनमा एक सय जनालाई मात्रै नागरिकता दिने गरेको छ । प्रमुख जिल्ला अधिकारी दाहालले एक महिनासम्मका लागि टोक्न वितरण भइसकेको बताए ।

इलाका प्रशासन कार्यालय यदुकूहाले भने मंगलबारदेखि नागरिकता वितरण गर्न सुरु गरेको उनले जानकारी दिएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले गत जेठ १७ गते नागरिकता विधेयक प्रमाणीकरण गरेपछि ऐनमाथि रिट परेको थियो । त्यसपछि जेठ २१ गते सर्वोच्च अदालतले नागरिकता ऐनको संशोधित व्यवस्था कार्यान्वयन नगर्न आदेश दिएको थियो ।

उक्त आदेशमाथि सर्वोच्चले असार ७ गते अन्तरिम आदेश जारी गरेपछि जिल्लाहरूमा जन्मसिद्ध नागरिकलाई नागरिकता दिन थालिएको छ ।

सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिएपछि विधेयक कार्यान्वयनका लागि बाटो खुलेको हो ।न्यायाधीश आनन्दमोहन भट्टराई र कुमार र ेग्मीको संयुक्त इजलासले नागरिकता विधेयक कार्यान्वयनमा रोक लगाउन २१ जेठमा डा. मनोजकुमार शर्माले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश दिएको थियो ।

सर्वोच्चको यो आदेशसँगै जन्मका आधारमा नेपाली नागरिकता लिएकाहरुको सन्तानले वंशजकोआधारमा नागरिकता पाउन बाटो खुल्यो ।

गत वर्ष तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसदले पारित गरेको नागरिकता विधेयक प्रमाणीकरण नगरी होल्डमा राखेकी थिइन् ।

तर उक्त विधेयक १७ जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका थिए । विधेयक प्रमाणीकरण गर्ने राष्ट्रपतिको कदम संविधान विपरीत रहेको भन्दै वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले सर्वोच्च अदालतमा रिट दिएका थिए ।

# दुर्घटनामा एकको मृत्यु



**खबर दर्पण समाचारदाता**

**असार १२ गते, जलेश्वर**

जलेश्वर जनकपुर सडक खण्डमा मध्य राततिर भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ । जलेश्वरबाट जनकपुरतर्फ जाँदै गरेको ज८प ६५३३ नं को मोटरसाइकल जलेश्वर नपा ९ स्थित उक्त सडक खण्डको आगेपुर नजिक विगही पुलबाट करिब २० मिटर तल पानीमा खस्दा जनकपुर ९ का ३० वर्षीय मोटरसाइकल चालक शङ्कर भन्ने दीपेश ढुङ्गेलको घटना स्थलमै मृत्यु भएको जिल्ला प्रहरीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरीले बताउनु भयो ।

बिहान करिब साढे ६ बजेतिर दुर्घटनाको जानकारी हुनासाथ घटनास्थल पुगेको प्रहरीले मुचुल्का उठाउने लगायतका कानुनी प्रक्रिया सुरु गरेको छ । घटना स्थलबाट प्रहरी नायव उपरीक्षक विजन राय यादवले दिएको जानकारीअनुसार घट्नाको प्रकृति हेर्दा मोटरसाइकल पुलको पश्चिमी भागमा ठोकिएर तल खसेको देखिन्छ ।

प्रहरीले मृतकको साथबाट पानीले भिजेर चल्न नसक्ने अवस्थामा फेला पारेको मोबाइलको सिम प्रयोग गरी सनाखत गरेको जनाएको छ । सडक चौडा भए पनि साँघुरो पुल र पुलको दुवै साइडमा खाल्डो भएको कारण दुर्घटना भएको प्रहरीको अनुमान छ ।

# औरहीमा जनप्रतिनिधिले नै लगाए ताला

**खबर दर्पण समाचारदाता**

**असार १२ गते,औरही, महोत्तरी**

धनुषाको औरही गाउँपालिकामा जनप्रतिनिधिहरुले नै तालाबन्दी गरेका छन् ।

वडा नम्बर-१ देखि ४ सम्मका वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले मंगलबार गाउँपालिका अध्यक्ष उमाशंकर प्रसाद साहको कार्यकक्षमा तालाबन्दी गरेका हुन् ।

वडा नम्बर-१ का वडाध्यक्ष अशेश्वर यादव, वडा नम्बर-२ का वडाध्यक्ष किशुन यादव, वडा नम्बर-३ का वडाध्यक्ष गंगा यादव र वडा नम्बर-४ का वडाध्यक्ष जिनिष लाल मण्डललगायत कार्यपालिका सदस्यहरु राजकुमार सहनी, गिता मण्डल, ललिता पासमान, नवुदा खातुन लगातकाले अध्यक्षसाहको कार्यकक्षमा ताला लगाएका छन् ।

उनीहरुले चक्करको तिर्थयात्रीहक नङ्गुर खोलाबाट फर्किने बेलामा दुर्घटना भएको र त्यस दुर्घटनाबापत औरही गाउँपालिकाको विपन्न व्यवस्थापन कोषबाट ५० लाख नगद छुट्याइएको ६/७ महिना बितिसक्दा पनि हालसम्म वितरण किन नगरिएको, झिटकोहियाको विद्यालय कार्यकर्ताहरुलाई उक्साएर विद्यालय जस्तो स्वतन्त्र ठाउँमा राजनीति गरी ताला किन लगाइयो, अर्थिक वर्ष २०७९/८० बितिसक्दा पनि प्रथम चौमासिकदेखि नै पालिकाको चालुगत, पुँजीगत तथा पालिकाले आन्तरिक स्रोतको हर हिसाब पटक पटक माग्दा पनि अहिलेसम्म कार्यपालिकामा पेश



किन नगरिएको, आर्थिक वर्ष २०७९/८० को सभाबाट स्वीकृत रहेको योजना विपन्न वर्ग, जेष्ठ नागरिकहरुको स्वास्थ्य बिमाको लागी छुट्याएको रकम हुँदा पैसा गाँउपालिकाको खर्च हुने र विज्ञापन आफ्नो व्यक्तिको नामबाट प्रचार प्रसार किन गराइयोलगायतका सवालहरुको जवाफ माग्दै तालाबन्दी गरेका छन् ।

औरही गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि नीति तथा कार्यक्रम र बजेटसमेत सार्वजनिक गर्न सकेको छैन । यस सम्बन्धमा अध्यक्ष साहले अन्य पार्टीबाट निर्वाचित जनप्रतिनिधिले विवाद खडा गरेको बताए । उनले ती जनप्रतिनिधि अन्य नेताको इसारामा चलेका कारण विवाद भइरहेको बताएका छन् ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

सम्पादकीय

# शिक्षामा सुधारको आवश्यकता छ

पछिल्लो समय सार्वजनिक शिक्षा प्रणालीले सेवाग्राहीलाई दिएको सुविधा प्रभावकारी नभएको गुनासो सर्वत्र छ। यसको प्रत्यक्ष परिणाम विद्यार्थीका सिकाइ उपलब्धिमा देखिने गरेको छ। उनीहरूको सिकाइ स्तर चित्तबुझ्दो नरहेको, कक्षा कोठामा शिक्षकको उपस्थिति प्रभावकारी नभएको तथा सार्वजनिक शिक्षा प्रशासनसँग सम्बन्धित निकाय शिक्षा विकास तथा समन्वय एकाइ, सम्बन्धित स्थानीय तहका शिक्षा शाखाका प्रमुख तथा विद्यालय व्यवस्थापन समितिका भूमिकाका सन्दर्भमा पनि थुप्रै गुनासा आउने गरेका छन्।

यिनै गुनासा सम्बोधन गर्ने उद्देश्यले पछिल्लो समय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नियमित अध्ययन सुरु गरे पनि प्रभावकारी बनेको छैन। शैक्षिक संस्थाले सरकारबाट निर्दिष्ट नीति तथा कार्यक्रम, प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे वा नगरेको विषयमा लेखाजोखा गर्ने काम स्वतन्त्र निकायका रूपमा रहेको शैक्षिक गुणस्तर परीक्षण केन्द्र (इआरओ) ले गरिरहेको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत २०६६ सालमा स्थापना भएको इआरओले शैक्षिक संस्थाको कार्य प्रणालीको परीक्षण गर्दै कार्यसम्पादन स्तरको अवस्था विश्लेषण तथा कार्यसम्पादनको सुधारको क्षेत्र पहिचान गरिरहेको छ। शिक्षामा पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि विद्यालय तथा निकायको कार्यसम्पादन सुधारका निम्ति यो अवधारणा सकारात्मक देखिए पनि कार्यान्वयनको चरणमा भने समस्या हुने गरेको छ।

केन्द्रले स्थापना कालदेखि नै माध्यमिक तहका विद्यालयको मात्रै कार्यसम्पादन मूल्याङ्कन गर्दै आएको छ। विद्यालय कार्यसम्पादन परीक्षणका लागि केन्द्रले मुख्य गरी चार वटा सूचक निर्धारण गरेको छ, लगानी, प्रक्रिया, उपलब्धि र सेवाग्राहीको सन्तुष्टिको स्तर। यी सबैलाई गरेर कुल ८९ वटा सूचक निर्धारण गरिएको छ। यिनै सूचकको आधारमा इआरओले विज्ञमार्फत विद्यालयमै पुगेर अध्ययन गर्ने र त्यहाँको वस्तुस्तिथिलाई हेरेर प्रतिवेदन तयार गर्ने गरेको छ। मुलुकभर छ हजार आठ सय ८५ वटा सामुदायिक माध्यमिक विद्यालय छन्, जसमध्ये इआरओले हालसम्म पाँच हजार ९८ वटाको कार्यसम्पादन मूल्याङ्कन गरिसकेको छ।

शिक्षामा राज्यले गरेको लगानीको लेखाजोखा गरेर विद्यालयको स्तर निर्धारण, विद्यालयको विकासका लागि गरिएको लगानीको वास्तविक अवस्थाको पहिचान, विद्यालयले प्रवाह गरेको सेवाबाट लाभग्राहीको सन्तुष्टि स्तर पहिचान गरी विद्यालयको समग्र पक्षको मूल्याङ्कन गर्न कार्यसम्पादन मूल्याङ्कन आवश्यक छ तर यी कार्यक्रम सञ्चालन हुने क्रममा देखिएका व्यावहारिक समस्या समाधानका लागि चालिएको कदम भने प्रभावकारी देखिएको छैन। यी व्यावहारिक समस्या निराकारण गर्न जरुरी छ।

# “बाढी पहिरोमा स्थानीय सरकार”

सरोजकुमार महतो

देशमा विभिन्न जोषिम क्षेत्रलाई मध्येनजगर गरि विपदबाट बाचाउनका लागि विभिन्न तयारी हुँदैछ । देशका विभिन्न जिल्ला बारा, काभ्रेपलाञ्चोक, सिन्धुली, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), अर्घाखाँची, प्यूठान, रोल्पा, दाङ, बझाङ, दार्चुला र आसपास भई बहने तथा केहीससाना नदीहरूमा आकस्मिक बहाबको जोखिम रहने पूर्वानुमान रहेकाले सो क्षेत्र भई वहने नदी तटीय क्षेत्रहरूमासतर्कता अपनाउ महाशाखाले अनुरोध गरेको छन् । बारे, हरेराम समाजिक संजालमा पढेर नजिकै बसेका साथिलाई सुनाउँदै थियो ।

मनसुन सुरु भएसँगै वर्षा सुरु भयो । पानीलाई कसले रोक्न सक्छ र । चारैतिर वर्षाले गर्दा बाढि पहिरो आउने सम्भावना बढी नै छ । यस्ता सुचना समय-समयमा महाशाखाले निकालि रहन्छ । जसले गर्दा विपदका जोखिम रहेको क्षेत्रमा बासोबास गर्ने जनताले सतर्क भएर बसुन । जुन राम्रो कार्य हो । उसका साथि पनि यस्तै लेखरहरु, समाजिम संजालका पोष्टहरु पढिरहेका थिए अनि हरेरामलाई सुनाउँदै थियो ।

यस्ता विपदका घटना हाम्रो पालिकामा पनि हुने गर्छ नि । वर्षाको समयमा बाढीपहिरो, नदिको बाहाब अनियन्त्रण भएर कतिको खेतहरु बगाएको अवस्था छ । उसका साथिले थप्यो ।

आश्चर्यचकित हुँदै हरेरामले भन्यो “हाम्रो पालिको खबर त कतै पनि हुन्न नि त ?”

सामाचारमा आएको घटना मात्रै वास्तवीक हुन्छ भने छैन, कतिपय कुरा खबरखाबर मै आउँदैन नि । साथिको जवाफ थियो ।

ये हो र ? अनि हरेरामले हाँस्दै सोधि हाल्यो “यसको तयारी के गर्छ त हाम्रो स्थानीय सरकारले” तिमी त्यहाँको कर्मचारी छौ क्यारे।

धेरै काम गर्छ तर कतिपय प्रक्रियागत हुन्छ भने कतिपय हुदैन । यसका लागि यी कुराहरु गर्न सक्छ ।

प्रत्येक स्थानीय तहले आफ्ना क्षेत्रहरु हेरिकन स्थानीय योजनाहरु बनाएर क्रमशः लागु गर्दै जानुपर्छ, जुन पछिल्ला कानूनहरु र संविधानले समेत निर्देशित गरेको कुरा पनि हो । मानौं पुर्वेटोलमा बाढीपहिरो आउँछ त्यसको उदाहारण लिएर तिमीलाई प्रष्ट पार्न कोशिस गर्छु है त ।

पुर्वटोलमा आउने बाढीपहिरोको आवश्यक जानकारी संकलन र नक्साँकन गर्नु पर्छ । बाढीपहिरोबाट कस्ता किसिमका असर या जोखिम हुन्छ सक्छ त्यसको आँकलन गर्ने । पुर्व तयारी महत्वपुणर् भएकोले त्यस पछि बाढीपहिरोबाट जोगिन र जोखिमलाई कम गर्नका लागि आवश्यक योजनाहरु, सम्भावनाहरु यकिन गर्नुपर्छ ।

यति गरिरहँदा यसलाई घटाउका लागि दिर्घकालिन योजनाहरु र रणनीतिकहरु बनाउनमा पनि ध्यान दिनु पर्छ । पुर्वेटोलिका जनतालाई बाढीपहिरो जोखिमबाट मुक्त गराउनका महत्वपुणर् कुरा हो ।

योजना बनाए पछि र बाढीपहिरो रोक्ने विभिन्न उपयाहरुलाई प्राथमिकीकरण गरि त्यसलाई कार्यान्वयन गर्नु पर्छ र ख्याल पुराउनु पर्ने त्यसको समिक्षा गरिर हनु पर्छ । यस क्रममा पुर्वेटोलको बाढीपहिरो नियन्त्रणमा कमि नआए संघ, प्रदेश सरकार तथा जिल्लाबाट समन्वय गरि अगाडि बढ्नु पर्छ ।

संघ सरकारमा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेशमा “प्रदेश स्तरीय विपद व्यवस्थापन समिति, जिल्लामा “जिल्ला विपद व्यवस्थापन समिति” हुने गरेको छ ।

अनि माथि भनिएको काम अह्म भुमि बहन गर्ने स्थानीय सरकार मा विषयगत समिति अन्तर्गत “वातावरण तथा विपद व्यवस्थापन समिति” रहेको छ जुन कार्यापालिका अन्तर्गतका समिति हुन जसको भुमिका सम्बन्धि



विषयमा सुझाव सल्लाह कार्यपालिकालाई दिनु हो । साथै “स्थानीय विपद व्यवस्थापन समिति” पनि बनाउन सकिन्छ ।

हरेराम कुरा सुन्नेर मख्ख पर्यो । पुर्वेटोल उसको घर भएको टोल हो । अनि आफ्नो साथिलाई भन्यो “तिमि पालिकामा काम गर्छौ तिमी पनि पहल गर्नु म पनि गर्छु म बस्ने टोल बाढीपहिरोबाट जागाउन”

मित्र सुन्न त । त्यसो भए अन्य सरकार भन्दा स्थानीय सरकारसँग सिमित स्रोत साधान हुन्छ । अनि यसमा पर्ने क्षेत्र सम्बन्धि सुचना संकलन गर्ने, आवश्यक योजना तथा कार्यक्रम बनाउने, कार्यक्षेत्रको विषयमा अध्ययन अनुसन्धान गर्ने, यति धेरै काम कसरी गर्न सकिन्छ ?

हरेरामको कुरालाई समर्थन गर्दै, साथिले जवाफ दियो ।

स्थानीय सरकारसँग सिमित स्रोत साधन हुन्छ र गर्नु पर्ने धेरै हुन्छ । जिम्मेवारी धेरै हुने तर स्रोतसाधन कमी भएकाले काम गर्न कठिनाई हुनु स्वाभाविक हो । तर आफुसँग भएको स्रोत साधनलाई अन्य कामसँग विपद तिर ध्यान दिएर गरिनु पर्दछ । केद्र सरकारको सक्रियतामा छिटो उद्धार हुने तर स्थानीय सरकारको सक्रियता त्यो भन्दा बढि हुनु पर्दछ । जस्तो आवश्यक तथ्याँक चाहिएको बेला स्थानीय सरकारले उपलब्ध गराउन सक्नु पर्दछ ।

एउटा तथ्याँक तिमिलाई देखाउँछ । फोनबाट खोजेर पढेर सुनायो । देशमा विपदबाट धेरै ठाउँ प्रभावित भईरहन्छ । ‘अघिल्लो वर्ष ५० जनाको ज्यान लिएको थियो भने ७ हजार ७ सय ७५ परिवार घर बारविहीन हुन पुगेका थिए’ ।

पछिल्लो दस वर्षमा बाढी-पहिरोका कारण २ हजार १४८ जनाको मृत्यु भएको छ ।२०७० देखि २०७९ सालसम्म मनसुनजन्य विपद्बाट ७७९ बेपत्ता भएका छन्। १ हजार ५ सय ६९ जना घाइते भएको प्राधिकरणको तथ्यांक छ । बाढी पहिरोका कारण एक दशकमा ८० हजार ४०५ परिवार प्रभावित भएका छन् । तीसँगै १५ हजार ८९३ घर पूणर् क्षति भएको छ। ४५ हजार ५६२ घरमा आंशिक क्षति पुगेको देखिन्छ ।

एक दशकमा बाढी पहिरोले र भारी वर्षाले १८ अर्ब ५८ करोड ८३ लाख ५२ हजार रूपैयाँ बराबरको धनमाल नोक्सान भएको प्राधिकरणले जनाएको छ ।

यस्ता नोक्सानका कुरा हाम्रो पुर्वेटोलका पनि हो । कमै होल तर असर गरेको छ त्यसलाई ध्यानमा राखेर स्थानीय सरकारले प्राथमिकीकरण गरेर विपदमा पनि स्रोतसाधन खर्चिनु पर्छ ।

वाह ! मित्र तिमी उदाहरण सहित, तथ्याँकले मेरो धेरै कुरा ‘क्लियर’ गर्यो । छुटौ होला भन्दै गर्दा उसका साथिले केहि कुरा थप्यो।

विपदको घरिमा सबैजना जहाँबाट सकिन्छ जसरी सकिन्छ एक अर्कालाई सहयोग गरिनु हाम्रो कर्तव्य हो । समाजिक संजालको माध्यमबाट आवश्यक सुचना जारी गर्नु साबधानीका उपाय सेयर गर्नु साथै पिडितहरुलाई आवश्यक राहतको लागि पहल गर्नु पर्छ । सबैभन्दा महत्वपुणर् आ आफ्नो स्थानीय सरकारलाई त्यस सम्बन्धि आवश्यक सुझाव दिनु पर्द छ । सबै जना सुरक्षित बसौ ।

अनि हरेरामले भन्यो । यी कुराका लागि हामी सबैले पहल चाहि गर्नु पर्छ ।

र मिलेर अगाडि बढ्नु पर्छ । उनीहरुले अर्को गफ तलिन भयो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# यसकारण चाहिन्छ उपराष्ट्रपति



गोकबुल अर्याल

काठमाडौं- गणतान्त्रिक संघीय शासन व्यवस्था अँगालेको नेपालले २०७२ सालमा संविधान जारी गरेको हो। संविधानमा राष्ट्रपति, उपराष्ट्रपति पदलाई सेरेमोनियलका पदका रुपमा सम्मान दिइने उल्लेख गरेको छ। २०६२/२०६३ को जनआन्दोलनका कारण नेपालको २३७ वर्ष पुरानो राजतन्त्र ढलेर लोकतान्त्रिक गणतन्त्रको जग बसेको हो। सोहीअनुसार संविधानसभा निर्वाचनबाट गठित संविधानसभाको पहिलो बैठकले १५ जेठ २०६५ मा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको हो।

नेपालमा गणतन्त्र घोषणापछि राष्ट्रपतिलाई संविधानको संरक्षक र उपराष्ट्रपतिलाई राष्ट्रपतिको अनुपस्थितिमा उनीबाट हुने कामको जिम्मेवारी र दायित्व तोकिएको छ। राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यसम्पादन उपराष्ट्रपतिबाट हुने व्यवस्था संविधानको धारा ६७ मा उल्लेख छ।

नेपालमा हालसम्म चार जना राष्ट्रपति, उपराष्ट्रपतिको कार्यकाल चलिरहेको छ। पछिल्लो समय उपराष्ट्रपति चाहिने/नचाहिने बहस पनि छेडिएको छ। उपराष्ट्रपतिलाई संसद्को सभामुखको जिम्मेवारी दिएर पद खारेज गर्न संसद्मा बेलाबेला आवाज पनि उठ्ने गरेको छ। खासगरी नवगठित राष्ट्रिय स्वतन्त्र पार्टीले उपराष्ट्रपति पद आवश्यक नपर्ने तर्क गरिरहेको छ।

नेपालको संविधानमा राष्ट्रपति एउटा समुदाय वा लिंगको भए भए उपराष्ट्रपति फरक लिंग वा समुदायको हुनुपर्ने संवैधानिक व्यवस्था छ। यसले नेपालको गणतन्त्र समावेशी रहेको देखाउँछ। सोहीअनुसार हालसम्म राष्ट्रपति एउटा समुदायको भए उपराष्ट्रपति अर्को समुदाय वा फरक लिंगबाट निर्वाचित भएका छन्।

विश्वका शासन प्रणालीअनुसार थरीथरीका उपराष्ट्रपति पद सिर्जना गरिएका छन्। साम्यवादी मुलुक क्युबामा ६ जना र निरंकुश मुस्लिम कानुन भएको देश इरानको संविधानमा १२ जनासम्म उपराष्ट्रपतिको पद कायम गरिएको छ। कम्बोडियामा २ जना उपराष्ट्रपति रहने व्यवस्था छ।

नेपालका छिमेकी चीन र भारतमा समेत उपराष्ट्रपति रहने संविधानमा व्यवस्था छ। भारतमा उपराष्ट्रपतिले राज्यसभाको सभामुखको भूमिका वहन गर्छन्। राष्ट्रपति नै कार्यकारी प्रमुख हुने अमेरिकालगायत देशमा उपराष्ट्रपतिको अधिकार प्रत्यायोजन वा कानुनी रूपले नै शक्तिशाली हुन्छ। प्रधानमन्त्री कार्यकारी प्रमुख र राष्ट्रपति राष्ट्रप्रमुख हुने संसदीय शासन प्रणाली अपनाएका देशमा भने उपराष्ट्रपतिको व्यवस्था छैन। संसदीय शासन प्रणालीमा भारत र नेपालमा आलंकारिक राष्ट्रपति र उपराष्ट्रपति रहने व्यवस्था संविधानमा लिपिबद्ध गरिएको छ। पछिल्लो समय उपराष्ट्रपति पद चाहिने/नचाहिने बहस चलिरहे पनि संविधानमा राष्ट्रपति फरक लिंग वा समुदायको भए उपराष्ट्रपति अर्को समुदाय वा लिंगको हुनुपर्ने प्रावधानका कारण नेपालको गणतन्त्र समावेशी रहेको झल्काउँछ।

आलंकारिक होस् वा सक्रिय, संसारमा राष्ट्रपति पहिलो र उपराष्ट्रपति दोस्रो मर्यादाको पद हो। कुनै आकस्मिक कारणले राष्ट्रपतिको पद रिक्त वा निजको अनुपस्थिति वा कार्य अक्षमता भए सो पदको जिम्मेवारी सम्हाल्नका लागि उपराष्ट्रपतिको व्यवस्था गरिएको हो। यद्यपि नेपालको संविधानमा उपराष्ट्रपतिलाई राष्ट्रपतिको कार्यभार सम्हाल्ने जिम्मा विदेश भ्रमणमा गएका बेलामात्रै दिइएको छ।

नेपालको उपराष्ट्रपतिको निर्वाचन राष्ट्रपतिसरह संघीय संसद्का सदस्य र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुने व्यवस्था छ। कानुनी पाटोबाट हेर्दा नेपालको उपराष्ट्रपति त्यस्तो अपवाद सार्वजनिक पदाधिकारी हो, जसको कुनै काम, कर्तव्य र अधिकार तोकिएको छैन। तर संविधानको धारा ६७ अनुसार राष्ट्रपतिको अनुपस्थतिमा राष्ट्रपतिबाट गरिने कार्यसम्पादन उपराष्ट्रपतिबाट हुने व्यवस्था छ। नेपालको संविधानले राष्ट्रपतिको पद रिक्त भई निजको अनुपस्थितिको परिकल्पना गरेको छ। राष्ट्रपति वैदेशिक भ्रमणमा रहँदा निजको अनुपस्थितिको अनुमान गरिएर राष्ट्रपतिबाट उपराष्ट्रपतिलाई 'कार्य सम्पादन गर्नुहोला' भन्ने पत्राचार हुने परम्परा छ। तर राष्ट्रपति स्वदेशमै बिदा बसी अनुपस्थित हुन सक्ने तथा शारीरिक वा मानसिक अस्वस्थताका कारणले पदीय कर्तव्य पालना गर्न नसक्ने अवस्थाको परिकल्पना गरिएको छैन। महाभियोगको कारबाही सुरु हुँदा अरू संवैधानिक पदाधिकारीलाई जस्तो पदीय कार्यसम्पादन गर्नबाट राष्ट्रपतिलाई रोक लगाइएको अवस्था पनि छैन।

राष्ट्रपतिले राजीनामा दिनु, महाभियोग लाग्नु र पारित हुनु, निजको मृत्यु भए उपराष्ट्रपतिले तत्कालका लागि राष्ट्रपतिको कार्यभार सम्हाल्ने व्यवस्था संविधानमा छ। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन एकसाथ हुने हुनाले दुवैको पदावधि एकसाथै समाप्त हुन्छ। संविधानमा जे लेखिए पनि नेपालको उपराष्ट्रपति पद समावेशीका हिसाबले महत्त्वपूर्ण मानिएको छ।

नेपालको संविधानअनुसार राष्ट्रपतिको अनुपस्थितिमा उपराष्ट्रपति कार्यवाहक वा निमित्त राष्ट्रपति हुँदैन। निजले उपराष्ट्रपतिकै हैसियतमा राष्ट्रपतिबाट हुने कार्यसम्पादन गर्नुपर्ने अवस्था छ। राष्ट्रपतिको अनुपस्थितिमा पनि उपराष्ट्रपति सेनाको परमाधिपति हुन सक्दैन। तर राष्ट्रपतिबाट भएका नियमित कामको जिम्मेवारी उपराष्ट्रपतिबाट गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

१२ असारमा शपथ ग्रहणपछि उपराष्ट्रपति रामसहायप्रसाद यादवलाई बधाई दिँदै राष्ट्रपति रामचन्द्र पौडेल।

अमेरिकामा पद रिक्त भए उपराष्ट्रपतिले नै राष्ट्रपतिको सपथ लिएर बाँकी कार्यकालसम्म कार्यभार सम्हाल्छन्। भारतलगायत धेरै देशमा राष्ट्रपतिको पद रिक्त भएको अवस्थामा उपराष्ट्रपतिले नयाँ राष्ट्रपति निर्वाचित भई पद नसम्हालेसम्म कार्यवाहक (निमित्त) राष्ट्रपति हुन सक्ने व्यवस्था छ। यद्यपि नेपालको संविधानमा विभिन्न कारणले राष्ट्रपतिको पद रिक्त भए उपराष्ट्रपतिलाई राष्ट्रपतिसरह काम गर्न पाउने व्यवस्था भने गरिएको छैन। नेपालको निर्वाचन कानुनमा राष्ट्रपति र उपराष्ट्रपतिको पद रिक्त भए सो मितिले एक महिनाभित्र निर्वाचन भइसक्नुपर्ने व्यवस्था छ। यसरी नेपालका उपराष्ट्रपतिले बढीमा एक महिना राष्ट्रपतिले सम्पादन गर्ने काम गर्न सक्छन्।

राष्ट्रपतिको पद रिक्त भए उपराष्ट्रपतिले निजको कार्यसम्पादन गर्ने, दुवै पद रिक्त भए धारा २८० बमोजिम ती पदको निर्वाचन नभएसम्म राष्ट्रपतिबाट हुने कार्य सभामुखबाट सम्पादन हुन्छ। तर उपराष्ट्रपतिको पद रिक्त भएको अवस्थामा अर्को निर्वाचन नभएसम्म सो पद रिक्त हुने व्यवस्था छ। संवैधानिक एवं कानुनी व्यवस्थाअनुसार नै उपराष्ट्रपतिको आवास छ, कार्यालय छ, स्वकीय सचिवालय छ, सल्लाहकार छन् र पदअनुसारको स्रोत-साधन, सुरक्षा बन्दोबस्त सबै छ। त्यसैअनुसारको आर्थिक व्यवस्थापन पनि छ। राष्ट्रपतिको अनुपस्थितिमा प्रचलित कानुनले कुनै काम, कर्तव्य र अधिकार नतोकिएको अवस्थामा उपराष्ट्रपति स्वयंले दोस्रो मर्यादाको पदीय गरिमाअनुरूप कूटनीतिक र राजनीतिक भेटघाट, सभा-सम्मेलनमा आतिथ्य र औपचारिक राजकीय कार्यक्रममा सहभागिता जनाउन सक्छन्।

उपराष्ट्रपतिको पदलाई पदीय गरिमाअनुरूप कामकाजी बनाउने उपाय खोजिनु आवश्यक छ। राष्ट्रपतिको पद आलंकारिक भएकाले अधिकार प्रत्यायोजन हुने र यो 'गल्ती नगर्ने' पद भएकाले कार्यकारी प्रकृतिको स्वतन्त्र अधिकार प्रदान गर्ने अवस्था पनि छैन। त्यसकारण राष्ट्रपतिको पद रिक्त हुने र अन्य कारणबाट काम गर्न नसकी अनुपस्थित हुने अवस्थाको फरक छुट्याइनुपर्छ। राष्ट्रपतिजस्तो संवेदनशील पदलाई रिक्त रहन दिनु हुँदैन। तसर्थ पद रिक्त हुने अवस्थामा उपराष्ट्रपतिलाई कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी सुम्पनु उपयुक्त हुन्छ। त्यसका लागि संविधान संशोधन नै गर्नुपर्छ।संवैधानिक एवं कानुनी व्यवस्थाअनुसार नै उपराष्ट्रपतिको आवास छ, कार्यालय छ, स्वकीय सचिवालय छ, सल्लाहकार छन् र पदअनुसारको स्रोत-साधन, सुरक्षा बन्दोबस्त सबै छ। त्यसैअनुसारको आर्थिक व्यवस्थापन पनि छ। दोस्रो, प्रचलित कानुन र अभ्यासबाट राष्ट्रपतिमा महत्त्वपूर्ण विधायिकी, कार्यकारी, न्यायिक र आलंकारिक अधिकार निहित छन्। अन्तिम हस्ताक्षरकारीका हैसियतमा निर्णय प्रक्रियामा निजको प्रभाव रहन्छ। यस्तोमा उपराष्ट्रपति स्वयंले देशको समग्र वस्तुस्थितिको जानकारीका लागि विभिन्न सरोकारवाला पक्षसँग छलफल गर्नु संविधानविपरीत ठहर्दैन।

कार्यकारी प्रमुख प्रधानमन्त्री र राष्ट्राध्यक्षले गर्नैपर्नेबाहेक संवैधानिक पद, राजदूत र अन्य मुख्य-मुख्य पदको सपथ, बिदा स्वीकृतिजस्ता काम उपराष्ट्रपति गराउन सकिन्छ। विभिन्न सामाजिक संघ-संस्थामा कार्यकारी प्रधानमन्त्री संरक्षक हुने व्यवस्थाका कारण समय दिन नसक्ने हुँदा उपराष्ट्रपतिलाई ती संस्थाको अभिभावक बनाउन सके प्रभावकारिता वृद्धि हुन सक्छ। विश्वविद्यालय, प्रज्ञा प्रतिष्ठानजस्ता संस्थाको संरक्षक उपराष्ट्रपति बनाउन सके निजको पदीय हैसियतले महत्त्व पाउन सक्छ।

वरीयताका आधारमा राष्ट्रपतिपछि मुलुककै दोस्रो ठूलो संवैधानिक पद हो, उपराष्ट्रपति। पदीय रुपमा मुलुककै दोस्रो अभिभावक भए पनि संविधानले भने उपराष्ट्रपतिलाई कुनै महत्त्वपूर्ण अधिकार नदिँदा पदको औचित्यमाथि प्रश्न उब्जिन दिनु राजनीतिक दलहरुका लागि उचित होइन। राष्ट्रपतिको अनुपस्थितिमा कार्य सम्पादन गर्नेबाहेक मित्रराष्ट्रका विभिन्न राष्ट्रिय दिवस अवसरमा सम्बन्धित दूतावासमा आयोजना हुने औपचारिक समारोहमा उपराष्ट्रपतिले राज्यको प्रतिनिधित्व गर्ने सामान्यतया स्थापित प्रचलन छ।

मुलुकले २०६५ मा संविधानसभा चुनावपछि पाएको प्रथम उपराष्ट्रपति परमानन्द झाले आफ्नो सात वर्षे कार्यकाल त्यत्तिकै खेर गएको गुनासो अहिले पनि पोखिरहेका छन्। दुई कार्यकाल ७ वर्षसम्म उपराष्ट्रपति बनेका नन्दकिशोर पुनलाई पनि सामाजिक संघ-संस्थाका कार्यक्रममा सहभागिता जनाउने, शुभकामना दिनेजस्ता काममा मात्र सीमित बनाइयो।

उपराष्ट्रपतिलाई कुनै संवैधानिक अधिकार नहुँदा काम गराइको परिणाम नदेखिएकाले क्षेत्राधिकार फराकिलो पार्नुपर्ने पक्षमा पनि आवाज उठिरहेका छन्। उपराष्ट्रपति पद अहिले सत्ता गठबन्धनका शीर्ष नेताको कार्यकर्ता व्यवस्थापनको थलो बनेको छ। नेपालमा पनि उपराष्ट्रपतिलाई राष्ट्रिय सभाध्यक्ष बनाएर उपराष्ट्रपतिको भूमिका फराकिलो पार्न सकिने सुझाव दिन थालिएको छ। तर राजनीतिक दलहरुले यसतर्फ खासै चासो राखेको पाइँदैन। सोही कारण संसद्मा समेत उपराष्ट्रपति पदको बहसबारे छलफल हुने गरेको हो। नेपालको संविधानको धारा ६५ को 'क'मा राष्ट्रपतिको पद कुनै कारणले रिक्त भए निजले उपराष्ट्रपतिसमक्ष लिखित राजीनामा दिनुपर्ने व्यवस्था छ।

नेपालको संविधानको धारा ६७ भाग ६ मा उपराष्ट्रपतिबारे गरिएको व्याख्या:

(१) नेपालमा एक उपराष्ट्रपति रहनेछ।

(२) राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ।

(३) निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ।

६८. उपराष्ट्रपतिको पद रिक्त हुने अवस्थाः देहायको कुनै अवस्थामा उपराष्ट्रपतिको पद रिक्त हुनेछः

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा

(ख) निजका विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा

(ग) निजको पदावधि समाप्त भएमा

(घ) निजको मृत्यु भएमा।

६९. उपराष्ट्रपतिसम्बन्धी अन्य व्यवस्था

उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया, पदावधिसम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ।

७०. राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुनेः संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ।

७१. राष्ट्रपति र उपराष्ट्रपतिको शपथ

राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नुअघि संघीय कानुनबमोजिम राष्ट्रपतिले प्रधान न्यायाधीशसमक्ष र उपराष्ट्रपतिले राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्नेछ।

७२. राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा

राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा संघीय ऐनबमोजिम हुनेछ र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

७३. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय

(१) राष्ट्रपति र उपराष्ट्रपतिको कार्य सम्पादनका लागि छुट्टाछुट्टै कार्यालय रहनेछ।

(२) उपधारा (१) बमोजिमको कार्यालयको काम कारबाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा अन्य व्यवस्था नेपाल सरकारले गर्नेछ।

**उपराष्ट्रपतिको निर्वाचन**

नेपालको उपराष्ट्रपति निर्वाचक मण्डलका सबै सदस्यको बहुमतबाट निर्वाचित हुने गर्दछ। यदि कुनै पनि उम्मेदवार निर्वाचित हुन नसकेको खण्डमा पहिलो चरणको शीर्ष दुई उम्मेदवारबीच समान बहुमतअन्तर्गत दोस्रो चरणको निर्वाचन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। पहिलो र दोस्रो चरणमा कुनै पनि उम्मेदवार निर्वाचित हुन नसके दोस्रो चरणमा भएजस्तै सोही उम्मेदवारबीच तेस्रो निर्वाचन हुन सक्छ। वैध मतको बहुमत प्राप्त उम्मेदवार त्यसपछि उपराष्ट्रपति निर्वाचित हुन्छ।नेपालको संविधानको धारा ७० ले समान लिंग वा समुदायको राष्ट्रपति तथा उपराष्ट्रपति हुन निषेध गरेको छ।

नेपाल समयबाट

# औरहीमा लागुऔषाध सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न



**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**असार १२ गते,औरही, महोत्तरी**
औरहीमा सम्पन्न लागुऔषध सम्बन्धी सचेतना कार्यक्रममा विद्यार्थी र अभिभावकले सहभागिता जनाएका छन् । लागुऔषधले समाज ने भैरहेको र स्कुले बालबालिका समेत यसको चपेटामा परिरहेको अवस्थामा लागुऔषध बारे अभिभावक र बिधार्थी दुवैले बाहा पाउनु पर्ने भन्दै औरहीमा आयोजकको आमन्त्रण स्विकार गर्दै अभिभावक र बिधार्थीले उपस्थिति जनाएका थिए।

औरही नगरपालिका, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको संयुक्त आयोजनामा सम्पन्न उक्त सचेतना कार्यक्रममा लागुऔषध सम्बन्धि विशेष कक्षा निदै जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी प्रकाश मल्लले लागुऔषध के हो यसले कस्तो प्रभाव पार्छ, यसको कुलतमा फस्दा के हुन्छ? यसले कसरी आपराधिक कृयाकलापमा संलग्न गराउछ । लगायतका विषयमा प्रकाश पारेका थिए एसपी मल्लले महोत्तर ीमा प्राय अत्यधिक प्रयोगमा आइर हेको लागुऔषधहरुको नाम र त्यसको प्रभाव सहित त्यसता लागुऔपधने मानसिक स्वास्थ्य र सामाजिक सहितका विभिन्न क्षेत्रमा पार्ने नकारात्मक असर बारे अभिभावक र विद्यार्थीलाई सचेत गरेका थिए।

उनले लागु औषधकै सेवन, ओसार पसार लगायतका विभिन्न मुद्दामा दर्जनौ मानिस अझै प्रहरीको बुनुवनामा सयौ मानिस कारागार मा रहेको बताउदै एक व्यक्तिबाट सुरु हुनु लागुऔपध सेवनले परिवार र पछि समाजलाई नै समाप्ती तर्फ लैजाने भन्दै यसको रोकथामको लागि अभिभावकले आफ्नो वालवालिकालाई निगरानी गर्ने देखि कुलतमा फसिसकेको बालबालिकालाई रिया सेन्टरमा उपचार गराउनेसम्मको बारे विस्तृत बताएका थिए। यता मोहि कार्यक्रममा महोत्तरीका प्रमुख जिल्ला अधिकारी दिपक कुमार पहाडीले लागुऔपचले बनेको घर तवाह भैसकेको बताउदै यो स्थिति विकराल बन्दै गएको र यस्तै युवाको जिवन अन्धकार बनाइर हेको प्रति समाज र अभिभावकलाई सचेत हुन आग्रह गरे ।

प्रमुख जिल्ला अधिकारी पहाडीले भने अभिभावकले विशेष जिम्मेवार बन्दै आफ्नो सन्ततीको र कस्तो संगतमा लागेका छन भनेर निगर ानी गर्ने पर्ने अवस्था आएको बताउदै सुरक्षाकर्मीबाट लागुऔषध नियन्त्रणको लागि पहल र कार्य भैरहेपनि सुरक्षाकर्मीको अभियानमा विद्यार्थी, अभिभावक र समाज सबैको समन्य आवश्यक रहेको बताए। त्यस्तै सचेतना कार्यक्रमा बोल्दै औरही नगरपालिकाका नगर प्रमुख प्रदीप खड्काले लागुऔपधका कारण अपराधिकर ण निक्कै बढेको भन्दै चिन्ता व्यक्त गरे। उनले समाजमा शिक्षा आर्जन गर्नेहरुको बढिरहेपनि शिक्षित सबै हुन नसकेको बताउदै लागुऔषध दुर्व्यंवसन र यसले खराबीमात्र गर्छ भन्नेसम्मको ज्ञान सबैमा हुनु आवश्यक रहेको बताए ।

नगरप्रमुख खड्काले स्थानिय तहबाट लागुऔषध निर्मुलको लागि हरेक प्रकारको सहयोग गर्न आफूहरु तयार रहेकोमा अब बिधार्थी देखि घर परिवार र समाजबाट समेत लागुऔषध सेवनकर्ताहरुलाई सहि वाटीमा ल्याउन अभियान चलाउनु आवश्यक रहेको बताए।

# महोत्तरीका दुई पालिकाले बजेट ल्याउन सकेनन

**खबर दर्पण समाचारदाता**

**असार १२ गते, महोत्तरी**
जनप्रतिनिधिबीचको आपसी द्वन्द्वका कारण महोत्तरीका दुईवटा स्थानीय तहले तोकिएको मितिमा नीति तथा कार्यक्रम एवं बजेट ल्याउन सफल भएनन् ।

स्थानीय सरकार सञ्चालन ऐन अनुसार पालिकाहरुले हरेक वर्ष असार १० गतेभित्र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेट गाउँ वा नगरसभामा पेस गर्नुपर्छ ।

तर, विवाद रहेको यहाँका गौशला नगरपालिका र सोनमा गाउँपालिकाले असार ११ गते सम्म नीति, कार्यक्रम तथा बजेट ल्याउन सकेनन् ।

गौशलामा आन्तरिक तयारी नपुगेको कारण बजेट ल्याउन नसकेको मेयर डा. दिपेन्द्र महतोले बताउनुभयो। त्यसैगरी सोनमा पनि जनप्रतिनिधिहरु बीच आपसी द्वन्द्वका कारण बजेट ल्याउन ढिलो भएको गाउँपालिका अध्यक्ष विशेश्वर यादवले बताउनुभयो ।

१५ वटा स्थानीय तह रहेको महोत्तरीमा अन्य पालिकाले भने आ-आफ्नो गाउँ तथा नगरसभामा बजेट प्रस्तुत गरेका छन् ।

सयम मै नीति तथा कार्यक्रम र बजेट ल्याउनेमा बर्दिवास, भंगहा, मठिहानी, जलेश्वर, बलवा, औरही, सम्सी, रामगोपालपुर, एकडारा, मनरा सिस्वा, पिपरा, महोत्तरी र लोहारपट्टी रहेका छन् ।

पालिकाहरु प्रस्तुत गरेका बजेटमा बर्दिवास नगरपालिका - १अरब ५ करोड १९ लाख, औरही नगर पालिका - ४० करोड ३३ लाख ५९ हजार ५०० रुपैयाँ,भंगहा नगर पालिका - ५९ करोड रुपैयाँ बजेट,रामगोपालपुर नगरपालिका - ४२ करोड ४ लाख २९ हजार ८०० रुपैयाँ,मनरा शिस्वा नगरपालिका - ५२ करोड ३९ लाख १३ हजार,जलेश्वर नगरपालिका - ७१ करोड ५३ लाख,मटिहानी नगर पालिका - ४० करोड ३९ लाख,बलबा नगरपालिका - ५४ करोड ९३ लाख ९७ हजार रुपैयाँ,लोहारपट्टी नगरपालिका - ५५ करोड ३५ लाख ७९ हजार ७०० सय,सम्सी गाउपलिका - ४९ करोड ८६ लाख ९० हजार,पिपरा गाउपलिका - ४६ करोड ७९ लाख ६५ हजार ३ सय ३० रुपैयाँ, एकडारा गाउपलिका - ५६ करोड ३६ लाख र महोत्तरी गाउपलिका - ४२ करोड ६४ हजार रहेको छ।

# गौशलाका उपमेयरलाई दुर्व्यवहार गरेको आरोपमा एमाले नेता पक्राउ

**खबर दर्पण समाचारदाता**

**असार १२ गते, महोत्तरी**
राष्ट्रिय युवा संघका केन्द्रीय सदस्य हरिनारायण महतो जनकपुरधाम विमानस्थलबाट पक्राउ परेका छन् ।

महोत्तरीको गौशाला नगरपालिका-१ रामनगर घर भएका महतोलाई अभद्र व्यवहार मुद्दामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरीले जानकारी दिए ।

पक्राउ परेका महतोमाथि गौशाला नगरपालिकाकी उपमेयर रेनुकुमारी महतोलाई उनकै कार्यकक्षमा दुर्व्यवहार गरेको आरोप छ ।प्रहरीले उनको खोजीकार्य तीव्र पारेपछि लुकिछिपी काठमाडौं भाग्न खोज्दा मंगलवार



विहान जनकपुरधाम विमानस्थलबाट पक्राउ गरिएको प्रहरी स्रोतको भनाइ छ ।

पक्राउ परेका महतोले समाजिक सञ्जाल फेसबुकमार्फत उपमेयर महतोलाई गालिगलौज तथा योजनाबद्ध रुपमा अनावश्यक चरित्र हत्या गर्ने किसिमको पोष्ट गर्दै आएका थुए ।

पक्राउ परेका आरोपित महतोलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।महोत्तरी जिल्ला अदालतबाट म्याद थप गरि अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

महतोलाई पक्राउ गर्न सोमबार साँझ उनको घरमा प्रहरीले खोजतलास गरे पनि फेला परेको थिएन । उनी लुकिछिपी जनकपुर धामबाट काठमाडौं भाग्न खोज्दा प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय महोत्तरीको बिशेष टोलिले पक्राउ गरेको हो ।

महतोले यसअघि पनि हातहतियार तथा खरखजाना एवम् डकैती मुद्दामा सजाय भोगिसकेका छन् ।







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा